कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम काम कारोबार गर्ने

# पोखरा फाइनान्स लिमिटेड
# POKHARA FINANCE LIMITED

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

Since 2053 B.S.

प्रधान कार्यालय: पोखरा लेखनाथ म.न.पा.९, न्यूरोड, कास्की ।
फोन नं : ०६१–५३११४५, फ्याक्स नं : ०६१–५३१६१०
Email:info@pokharafinance.com.np, Website:www.pokharafinance.com.np

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.६५,५७,८८,४९२/– को एक शेयर बराबर शुन्य दशमलव पन्ध शेयर (१ : ०.१५) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.१५ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.९,८३,६८,२७४/– बराबरको प्रति शेयर रु.१००/– अंकित दरका ९,८३,६८२.७४ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई **पोखरा फाइनान्स लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचीकरणपश्चात् धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७४ कार्तिक १२ गते **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** ले औसत भन्दा तल **(Below Average Fundamental)** आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७४/७/१२ गते ।**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/९/३ गते ।
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७४/९/३० गते ।
हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७४/११/६ गते । (बैंकिङ समय पश्चात्) ।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website:www.niblcapital.com, पोखरा फाइनान्स लिमिटेडको Website: www.pokharafinance.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

क) **संगठित संस्थाको नाम** : पोखरा फाइनान्स लि. **(Pokhara Finance Ltd.)**

ख) **संगठित संस्थाको रजिष्टर्ड कार्यालय** : यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय कास्की जिल्ला, पोखरा लेखनाथ महानगरपालिका वडा नं.९, न्यूरोड, पोखरामा रहेको छ ।

ग) **कारोबार स्थान** : यस वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान कास्की जिल्ला, पोखरा लेखनाथ महानगरपालिका वडा नं.९, न्यूरोड, पोखरामा रहेको छ भने शाखा कार्यालयहरु निम्न वमोजिम रहेका छन् ।

| सि.नं | शाखा कार्यालय | ठेगाना |
|---|---|---|
| १ | केन्द्रीय कार्यालय | न्यूरोड, पोखरा लेखनाथ ९, कास्की |
| २ | सभागृह शाखा | सभागृहचोक, पोखरा लेखनाथ ८, कास्की |
| ३ | सुन्धारा शाखा | सुन्धारा, काठमाण्डौं |
| ४ | बगर शाखा | भीमकालिपाटन, बगर, पोखरा लेखनाथ १, कास्की |
| ५ | नयाँ पुल शाखा | नयांपुल, सल्यान, कास्की |
| ६ | डुम्रे शाखा | डुम्रे बजार, तनहुं |
| ७ | कुंडहर शाखा | कुंडहर, पोखरा लेखनाथ १४, कास्की |
| ८ | रामबाच्छा शाखा | रामवाच्छा, वालिङ, स्याङ्जा |
| ९ | लेखनाथ शाखा | आदर्शचोक, पोखरा लेखनाथ २९, कास्की |
| १० | विरौटा शाखा | विरौटा, पोखरा लेखनाथ १७, कास्की |
| ११ | लाहाचोक शाखा | माछापुच्छ्रे गाउंपालिका-४, लाहाचोक, कास्की |

घ) **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य** : पोखरा फाइनान्स लि., तत्कालिन कम्पनी ऐन, २०२१ अन्तर्गत २०५२ साल पौष २ गते उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य विभागमा दर्ता भएको हो । यस वित्तीय संस्थाले तत्कालिन वित्त कम्पनी ऐन, २०४२ अन्तर्गत वित्तीय संस्थाको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०५३ साल फागुन २१ गते ईजाजत पत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको छ । यस वित्तीय संस्थाको संस्थापकहरु तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा ब्यबस्थापनमा लामो समयदेखि आबद्ध रहेको ब्यक्तित्वहरु हुनुहुन्छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील ब्यबसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुर्‍याउने,

इ) उपलब्ध सीप, श्रम तथा पुंजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने र

ई) मुलुकमा छरिएर रहेको पुंजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

ङ) **शेयर पूँजीको संरचना :**

क) **<u>अधिकृत पुंजी :</u>** यस वित्तीय संस्थाको अधिकृत पुंजी रु.९४,००,००,०००/–(अक्षरेपी चौरान्नब्बे करोड) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/– दरले ९४,००,००० (चौरान्नब्बे लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ ।

ख) **<u>जारी पुंजी :</u>** यस वित्तीय संस्थाको जारी पुंजी रु.७५,४१,५६,७६६/–(अक्षरेपी पचहत्तर करोड एक्चालिस लाख छपन्न हजार सात सय छैसठ्ठी) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–का दरले ७५,४१,५६७.६६ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) **<u>चुक्ता पुंजी :</u>** हाल यस वित्तीय संस्थाको चुक्ता पुंजी रु.६५,५७,८८,४९२/–(अक्षरेपी पैंसठ्ठी करोड सन्ताउन्न लाख अठासी हजार चार सय बयानब्बे मात्र) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–अंकित मूल्यका ६५,५७,८८४.९२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पुंजी रु.७५,४१,५६,७६६/–(अक्षरेपी पचहत्तर करोड एक्चालिस लाख छपन्न हजार सात सय छैसठ्ठी) हुनेछ ।

च) हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पुंजीको स्थिति :

<u>हकप्रद शेयर निष्काशन गर्नुपूर्व यस वित्तीय संस्थाको चुक्ता पुंजीको संरचना :</u>

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | ३३,४४,५२१.७५२ | ५१% | ३३,४४,५२,१७५/२० | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ३२,१३,३६,३.१६८ | ४९% | ३२,१३,३६,३१६/८० | शतप्रतिशत |
| | **जम्मा** | **६५,५७,८८४.९२** | **100%** | **६५,५७,८८,४९२/–** | |

<u>हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने यस वित्तीय संस्थाको चुक्ता पुंजीको संरचना :</u>

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पुंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | ३८,४६,२००.०२ | ५१% | ३८,४६,२०,००२ | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ३६,९५,३६७.६४ | ४९% | ३६,९५,३६,७६४ | शतप्रतिशत |
| | **जम्मा** | **७५,४१,५६७.६६** | **100%** | **७५,४१,५६,७६६** | |

छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

| क्र.सं. | नाम | ठेगाना | शेयर संख्या | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | क्या.यम वहादुर गुरुङ | कास्की पोखरा लेखनाथ.४, गणेशटोल | २,६७,१०७.५० | २,६७,१०७५० | शतप्रतिशत |
| २. | सन्त कुमारी गुरुङ | कास्की पोखरा लेखनाथ २, अर्चलवोट | १,४५,९१३.३३ | १,४५,९१३३३ | शतप्रतिशत |
| ३. | भुवनसिं गुरुङ | कास्की पोखरा लेखनाथ ४, गैह्रापाटन | २,६७,१०९.७७ | २,६७,१०९७७ | शतप्रतिशत |
| ४. | सुन्दर गुरुङ | कास्की पोखरा लेखनाथ ७, जागृतीमार्ग | २,३२,२६८.६७ | २,३२,२६८६७ | शतप्रतिशत |
| ५. | धन वहादुर शेरचन | ललितपुर जिल्ला, ललितपुर वडा न.३ | १,२७,७१८.१५ | १,२७,७१८१५ | शतप्रतिशत |
| ६. | कालु गुरुङ | काठमाण्डौं वडा.नं.४, गणेशवस्ती | ५५,७४२.१२ | ५५,७४२१२ | शतप्रतिशत |
| ७. | मीता गुरुङ | कास्की पोखरा लेखनाथ ४, गणेशटोल | १,१६,११८.४५ | १,१६,११८४५ | शतप्रतिशत |
| ८. | प्रीता गुरुङ | कास्की पोखरा लेखनाथ ४, गणेशटोल | १,१६,११८.४५ | १,१६,११८४५ | शतप्रतिशत |
| ९. | डा.दीर्घमान गुरुङ | पोखरा लेखनाथ १६, जोगीमणी, दिप | २९,६९९.५५ | २९,६९९५५ | शतप्रतिशत |
| १०. | विमला मानन्धर | काठमाण्डौं १५/१८८ नयांवजार | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| ११. | आनन्द गुरुङ | कास्की पोखरा लेखनाथ १७, पार्दी | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| १२. | सुर्यलाल गुरुङ | कास्की पोखरा लेखनाथ ८, जाल्पामार्ग | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| १३. | नचोङ गुरुङ | काठमाण्डौं ३, इचंगु, स्वयम्भु | ४६,४५२.१५ | ४६,४५२१५ | शतप्रतिशत |
| १४. | अनिता गुरुङ | कास्की पोखरा लेखनाथ १६, दिप | ३४,८३८.८३ | ३४,८३८.८३ | शतप्रतिशत |
| १५. | विक्रम गुरुङ | कास्की पोखरा लेखनाथ ७, रत्नचोक | ४६,४५२.१५ | ४६,४५२१५ | शतप्रतिशत |
| १६. | नारायण बाबु लोहनी | काठमाण्डौं २९, सामाखुसी | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| १७. | बुद्धि लक्ष्मी गुरुङ | कास्की पोखरा लेखनाथ ९, नयांवजार | ३९,७६२.६३ | ३९,७६२६३ | शतप्रतिशत |
| १८. | आनन्द राना मगर | कास्की पोखरा लेखनाथ ११, रानीपौवा | ३४,८३९ | ३४,८३९०० | शतप्रतिशत |
| १९. | हेम वहादुर गुरुङ | काठमाण्डौं ३३, धुम्वाराही | ६९,६७७.६५ | ६९,६७७६५ | शतप्रतिशत |
| २०. | माया गुरुङ | कास्की पोखरा लेखनाथ १, सिम्पानी | ४०४१२.९९ | ४०४१२९९ | शतप्रतिशत |
| २१. | विकलमान  गुरुङ | कास्की पोखरा लेखनाथ ८, सिमलचौर | ३४,८३९ | ३४,८३९०० | शतप्रतिशत |
| २२. | सुहृदराज घिमिरे | काठमाण्डौं ३३, मैतीदेवी | ५८,०६४.३३ | ५८,०६४३३ | शतप्रतिशत |
| २३. | शशिकान्त अग्रवाल | काठमाण्डौं ९, बत्तीसपुतली | ५३,५९८.११ | ५३,५९८११ | शतप्रतिशत |
| २४. | अनुप गुरुङ | काठमाण्डौं ७, धापासी | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| २५. | चिन्त वहादुर गुरुङ | रुपन्देही जिल्ला, बुटवल ६ | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| २६. | गंगा वहादुर गुरुङ | कास्की पोखरा लेखनाथ १६, दिप | ३४,८३८.८३ | ३४,८३८.८३ | शतप्रतिशत |
| २७. | जुद वहादुर गुरुङ | कास्की पोखरा लेखनाथ १, रामघाट | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| २८. | क्या.जय वहादुर गुरुङ | कास्की पोखरा लेखनाथ ८, न्युरोड | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| २९. | मे. राम वहादुर गुरुङ | कास्की पोखरा लेखनाथ १०, रामघाट | ४६,४५२.१५ | ४६,४५२१५ | शतप्रतिशत |
| ३०. | नन्शोभा गुरुङ | कास्की पोखरा लेखनाथ ८, न्युरोड | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| ३१. | क्या.प्रेम वहादुर गुरुङ | कास्की, पोखरा लेखनाथ वडा नं.१ | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| ३२. | यशोदा श्रेष्ठ माकाजु | कास्की पोखरा लेखनाथ ९, नयावजार | ४६,४५२.१५ | ४६,४५२१५ | शतप्रतिशत |
| ३३. | ललित वहादुर गुरुङ | कास्की पोखरा लेखनाथ १०, रामघाट | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| ३४. | ले.अर्जुन कुमार गुरुङ | कास्की पोखरा लेखनाथ १, भिमवजार | ४८,४९६.२८ | ४८,४९६२८ | शतप्रतिशत |
| ३५. | कुल वहादुर गुरुङ | कास्की पोखरा लेखनाथ ११, रानीपौवा | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| ३६. | लिला पराजुली | कास्की पोखरा लेखनाथ ४, चिप्लेढुंगा | १७,४१८.८५ | १७,४१८८५ | शतप्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७. | शंकर पराजुली | कास्की पोखरा लेखनाथ ४, चिप्लेढुंगा | १७,४१८.८५ | १७,४१८८५ | शतप्रतिशत |
| ३८. | राम प्रसाद गुरुङ | कास्की पोखरा लेखनाथ ४, गणेशटोल | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| ३९. | विर वहादुर गुरुङ | कास्की पोखरा लेखनाथ ८, सिमलचौर | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| ४०. | तेज वहादुर गुरुङ | कास्की पोखरा लेखनाथ १, बगर | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| ४१. | सन्तोष पौडेल | बाग्लुङ जिल्ला, अमलाचौर १ | ४६,४५२.१५ | ४६,४५२१५ | शतप्रतिशत |
| ४२. | प्रितम, उत्तम, गौतम गुरुङ | कास्की पोखरा लेखनाथ ८, न्युरोड | ३४,८३८.८३ | ३४,८३८८३ | शतप्रतिशत |
| ४३. | राज कुमार गुरुङ | कास्की पोखरा लेखनाथ ७, एयरपोर्ट | ८,९३३.५९ | ८,९३३५९ | शतप्रतिशत |
| ४४. | मन वहादुर गुरुङ | कास्की पोखरा लेखनाथ ८, नयांवजार | १,१५,६८२.६२ | १,१५,६८२६२ | शतप्रतिशत |
| ४५. | सुमित कुमार अग्रवाल | काठमाण्डौं | ४,४६६.२३ | ४,४६६२३ | शतप्रतिशत |
| ४६. | हाथवे इन्भेष्टमेन्ट नेपाल | काठमाण्डौ | ३,६९,३८९.१६ | ३,६९,३८९१६ | शतप्रतिशत |
| ४७. | डी डी इन्भेष्टमेन्ट प्रा.लि. | ठमेल, काठमाण्डौ | १,२९,५६१.३९ | १,२९,५६१३९ | शतप्रतिशत |
| ४८. | उषा इन्भेष्टमेन्ट प्रा.लि. | कान्तीपथ, काठमाण्डौ | ५४,४८० | ५४,४८००० | शतप्रतिशत |
| ४९. | निमिषा इन्भेष्टमेन्ट प्रा.लि. | पानीपोखरी, काठमाण्डौ | ५४,४८० | ५४,४८००० | शतप्रतिशत |
| | जम्मा संस्थापक समूह "क" | | ३३,४४,५२१.७५२ | ३३,४४,५२,१७५/२० | |
| | जम्मा सर्वसाधारण समूह "ख" | | ३२,१३,३६,३.१६८ | ३२,१३,३६,३१६/८० | |
| | **जम्मा (क + ख)** | | ६५,५७,८८४.९२ | ६५,५७,८८,४९२/– | |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरण मार्फत हाल कायम चुक्ता पुंजी रु.६५,५७,८८,४९२/– को एक शेयर बराबर शुन्य दशमलव पन्ध्र शेयर (१ : ०.१५) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.१५ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.९,८३,६८,२७४/–बराबरको प्रति शेयर रु.१००/–अंकित दरका ९,८३,६८२.७४ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :**

वित्तीय संस्थाको आर्थिक वर्ष २०७२/०७३ को चुक्ता पुंजी ४९,११,१९,२०० मा १३.५०% बोनस शेयर वितरण पश्चात कायम हुने कुल शेयर संख्या ५५,७४,२०२.९२ मा संस्थापक तथा सर्वसाधारणको शेयर अनुपात ५१% र ४९% पुर्‍याउनका लागि ९८३,६८२ कित्ता FPO जारी पश्चात कायम हुन आउने चुक्ता पुंजीको १:०.१५ अनुपातमा हकप्रद शेयर जारी गर्ने विशेष प्रस्तावलाई सर्वसम्मत पारित गर्ने निर्णय गरीयो ।

साधारण सभा सम्पन्न भएको मिति : २०७३/०७/०९ गते सम्पन्न बीसौं बार्षिक साधारण सभा ।

**ञ) संचालकहरुको परिचय :**

वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका संचालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

**संचालकहरुको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | भुवन सिं गुरुङ्ग,<br>पोखरा ४, गैह्रापाटन, कास्की<br>(संस्थापक समूह) | अध्यक्ष | ६४ | नेपाली | २,६७,११० | **साक्षर** | १.२०५३ साल देखि २०६५ सालसम्म सञ्चालक समितिको सञ्चालक पदमा रही २०६५ देखि हालसम्म सञ्चालक समितिको अध्यक्ष पदमा कार्यरत रहेको ।<br>२. अध्यक्ष, बौद्ध अर्घौ सदन, रामघाट, पोखरा ।<br>३. अध्यक्ष , मिति २०७२ देखि २०७४ सम्म ६ गोर्खा राइफल्स रेजिमेन्टल एशोशिएशन नेपाल ।<br>४. अध्यक्ष, मिति २०६३ देखि २०६४ सम्म रोटरी क्लव अफ पोखरा फिस्टेल, पोखरा । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | ५. उपाध्यक्ष, मिति २०७१ देखि २०७३ सम्म पहार ट्रष्ट नेपाल ।<br>६. सदस्य, पतंजली योग कास्की जिल्ला समिति ।<br>७. वृटिश सेनामा कार्य गरी क्याप्टेन पदमा सेवा निवृत्त |
| २. | सुन्दर गुरुङ्ग,<br>पोखरा ७, जागृतीमार्ग, कास्की<br>(संस्थापक समूह) | संचालक | ६५ | नेपाली | २,३२,२६९ | **स्नातक** | १. ३३ वर्ष युनिसेफमा कार्य गरी प्रोग्राम स्पेसलिष्ट पदमा सेवा निवृत्त ।<br>२. रोटरी क्लव पोखरा मिड टाउनमा २००४/२००५ मा अध्यक्ष, २०१२/२०१३ मा असिस्टेन्ट गभर्नर ।<br>३. अध्यक्ष, गुरुङ प्राज्ञिक मञ्च नेपाल ।<br>४. अध्यक्ष, सुशासनको लागि नागरिक समाज कास्की । |
| ३. | डा.दीर्घमान गुरुङ्ग,<br>जोगीमणी, दिप, पोखरा १६, कास्की<br>(संस्थापक समूह) | संचालक | ५३ | नेपाली | २९,६९९ | **विद्यावारिधी** | १. प्राध्यापक, पृथ्वी नारायण क्याम्पस पोखरा ।<br>२. आजीवन सदस्य, गुरुङ प्राज्ञिक मञ्च नेपाल । |
| ४. | ले. अर्जुनकुमार गुरुङ्ग,<br>भिमकालिपाटन, पोखरा १, कास्की<br>(संस्थापक समूह) | संचालक | ६३ | नेपाली | ४८,४९६ | **साक्षर** | १. वृटिश सेनामा कार्य गरी लेफ्टिनेन्ट पदमा सेवा निवृत्त भएको ।<br>२. सल्लाहकार, भीमकालिपाटन तमु समाज, पोखरा । |
| ५. | डा. दिपेन्द्र कुमार गौतम,<br>रामघाट, पोखरा १०, कास्की<br>(सर्वसाधारण समूह) | संचालक | ६३ | नेपाली | ५०१५ | **विद्यावारिधी** | १. बोर्ड सल्लाहकार, Internaional Nepal Fellowship (INF) Nepal<br>२.४० वर्ष Internaional Nepal Fellowship (INF मा कार्य गरी Executive Director पदमा निवृत्त |
| ६. | मे. प्रेम बहादुर थापा,<br>मालेपाटन, पोखरा ५, कास्की<br>(सर्वसाधारण समूह) | संचालक | ६५ | नेपाली | १३६५७ | **प्रमाणपत्रतह** | १. वृटिश सेनामा कार्य गरी मेजर पदमा सेवा निवृत्त भएको ।<br>२. सदस्य, रोटरी क्लव अफ पोखरा फिस्टेल, पोखरा ।<br>३. संरक्षक, गोर्खा मेमोरियल ट्रष्ट ।<br>४.उपाध्यक्ष, नेपाल मगर संघ कास्की । |
| ७. | माया गुरुङ्ग,<br>सिम्पानी, पोखरा १, कास्की<br>(सर्वसाधारण समूह) | संचालक | ६१ | नेपाली | ४०४१३ | **प्रमाणपत्रतह** | १. २९ वर्ष सरकारी विद्यालयमा अध्यापन गरी सेवा निवृत्त ।<br>२. सचिव, टोल सुधार समिति लामपाटन, पोखरा ।<br>३. सचिव, तमु समाज सिम्पानी, पोखरा ।<br>४. सचिव, सुखवति गुम्बा, पोखरा । |

**नोट :** हाल नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित व्यवसायिक संचालक पद १ (एक) रिक्त रहेको छ ।

**<u>वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :</u>**

**नाम** : श्री राज कुमार गुरुङ्ग
**ठेगाना** : अन्नपूर्णपथ, पोखरा लेखनाथ म.न.पा.वडा नं.७ कास्की
**योग्यता** : बि.एस.सी

**अनुभव** : स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि.मा १९९३ बाट सहायक स्तर देखि कार्य गरी २०१० सालमा शाखा प्रबन्धकको पदमा राजीनामा दिई करिव १७ बर्ष कार्य गरेको अनुभव । पोखरा फाइनान्स लि.मा २०१० जुन, २४ देखि हाल सम्म ७ वर्ष प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत ।

**ट) संचालक समितिको बनौट :**

यस वित्तीय संस्थाको नियमावलीको नियम ८ मा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम रहेको छ :

| | |
|---|---|
| संस्थापक समूहका शेयरधनीहरु मध्येबाट निर्वाचित वा मनोनित संचालक | ४ जना |
| सर्वसाधारण शेयरधनीहरु मध्येबाट निर्वाचित वा मनोनित संचालक | ३ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको ब्यबसायिक बिशेषज्ञ संचालक | १ जना |
| **जम्मा** | **८ जना** |

**<u>संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यबस्था :</u>**
यस वित्तीय संस्थाको नियमावलीको नियम १३ (२) मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको संचालक हुनका लागि यस वित्तीय संस्थाको कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र व्यावसायिक बिशेषज्ञ संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा त्यस्तो संचालकले ब्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुनेछैन । हाल नेपाल राष्ट्र बैंकले तोकेको सञ्चालक नियुक्ति हुन बांकी रहेको ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**
हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलव पन्ध्र शेयर (१ :०.१५) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**
साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गरिंदा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**
यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर **(Fraction Share)** मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

ण) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

| पूँजी तथा दायित्व | वास्तविक (रु.हजारमा) | | | आ.ब. ०७३/०७४ आषाढ मसान्त सम्मका | आ.ब. ०७४/०७५ आश्विन मसान्त सम्मको | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १.शेयर पूँजी | ३३०,७२० | ४९१,११९ | ५५७,४२० | ६२१,५२३ | ६५५,७८८ | ९७३,६४० | १,०७१,००४ | १,१७८,१०५ |
| २.जगेडा तथा कोषहरु | १२१,८८५ | १०९,३८३ | १२७,६१३ | २१४,६२५ | ४२५,३०५ | २१३,६०४ | २२४,८१९ | २४०,४४७ |
| ३.ऋणपत्र तथा बण्ड | | | | | | | | |
| ४.तिर्न बाँकी कर्जा सापट | | | | ६०,८८२ | | | | |
| ५.निक्षेप दायित्व | २,३१०,२८९ | २,७१५,६७२ | ३,०४५,५२१ | ३,६११,१२२ | ३,८०३,५०९ | ४,१५२,७९० | ४,७७५,७०९ | ५,४९२,०६५ |
| ६.भुक्तानी दिनु पर्ने बिलहरु | | | | | | | | |
| ७.प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ३१,२०० | ८,४४२ | ३,४८९ | ३,३७४ | | ८,१७८ | ५,१२४ | ५,६३७ |
| ८.आयकर दायित्व | | | | | | | | |
| ९.अन्य दायित्व | १२६,१९३ | ७३,४४६ | ७०,९२८ | ३६८,०८३ | ३१२,५३४ | १५४,६१० | २१६,६०९ | २८२,५२२ |
| **कुल दायित्व** | **२,९२०,२८६** | **३,३९८,०६२** | **३,८०४,९७२** | **४,८७९,६०९** | **५१,९७,१३६** | **५,५०२,८२२** | **६,२९३,२६६** | **७,१९८,७७६** |

| सम्पत्ति | वास्तविक (रु.हजारमा) | | | आ.ब. ०७३/०७४ आषाढ मसान्त सम्मका | आ.ब. ०७४/०७५ आश्विन मसान्त सम्मको | प्रक्षेपित(रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १.नगद मौज्दात | १०,१११ | १३,३५० | २७,०२८ | ९३८,०४२ | ४०,४८६ | ९८४,९४४ | १,१३२,६८६ | १,३०२,५८९ |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १३६,८४७ | ४५,७२० | ६५,६८५ | | १६१,९२१ | | | |
| ३.बैक/बित्तीय संस्थामा रहेको मौज्दात | ११० | २१६ | २२१ | | ७७४,९७४ | | | |
| ४.माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ६२६,२६४ | ८२२,३३६ | ८१४,७२५ | | | | | |
| ५.लगानी | ४०१ | १०९,२०५ | १४०,८५१ | २३७,१७८ | २९२,२४४ | २६०,८९६ | २८६,९८५ | ३१५,६८४ |
| ६.कर्जा सापट तथा बिल खरिद | १,९४७,३८७ | २,२२८,८३४ | २,५७०,७६५ | ३,३२०,२३५ | ३,५३७,०१३ | ३,८१८,२७० | ४,३९१,०११ | ५०४९,६६२ |
| ७. स्थिर सम्पत्ति | १४०,२०२ | १३८,४९७ | १४७,१८५ | १६१,३८९ | ४९८,२६४ | १९३,६६७ | २१३,०३३ | २३४,३३७ |
| ८.गैर बैंकिङ्क सम्पत्ति | | | | | | | | |
| ९.अन्य सम्पत्ति | ५८,९६२ | ३९,९०३ | ३८,५१२ | २२२,७६८ | २२९,२१५ | २४५,०४५ | २६९,५४९ | २९६,५०४ |
| **कुल सम्पत्ति** | **२९२०२८६** | **३३९८०६२** | **३,८०४,९७२** | **४,८७९,६०९** | **५१,८७,१३६** | **५,५०२,८२२** | **६,२९३,२६६** | **७,१९८,७७६** |

**नोटः आ.ब.०७३/०७४ को आषाढ मसान्त सम्मको तथा आ.ब.०७४/०७५ को आश्विन मसान्त सम्मको वित्तीय विवरणहरु लेखापरीक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।**

नाफा नोक्सान हिसाव

| विवरण | वास्तविक (रु.हजारमा) | | | आ.ब. ०७३/०७४ आषाढ मसान्त सम्मको | आ.ब. ०७४/०७५ आश्विन मसान्त सम्मको | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. ब्याज आम्दानी | २६८,२७१ | ३३८,५९४ | ३२७,५४४ | ४०१,९३३ | १११,८६० | ४६८,६२८ | ५३८,४०१ | ६१८,५८७ |
| २. ब्याज खर्च | १७९,१३७ | १८२,०८३ | १८०,६१२ | २१३,४५७ | ८४,००५ | २४९,१६७ | २८६,५४३ | ३२९,५२४ |
| **खुद ब्याज आम्दानी** | **८९,१३३** | **१५६,५१२** | **१४६,९३२** | **१८८,४७५** | **२७,८५५** | **२१९,४६१** | **२५१,८५८** | **२८९,०६३** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.कमिशन तथा डिस्काउण्ट | २३६ | २६२ | ४०६ | ५,१८२ | ८,३३१ | ५,९५९ | ६,८५३ | ७,८८१ |
| ४.अन्य संचालन आम्दानी | १३,३४४ | १४,५४६ | १९,४४२ | २२,९४८ | १०,१०१ | २६,३९० | ३०,३४९ | ३४,९०१ |
| ५.सटही घटबढ आम्दानी | | | | | | | | |
| **कुल संचालन आम्दानी** | **१०२,७१४** | **१७१,३२०** | **१६६,७७९** | **२१६,६०६** | **४६,२८८** | **२५१,८१०** | **२८९,०६०** | **३३१,८४५** |
| ६.कर्मचारी खर्च | १३,१६७ | १७,००४ | २२,९८२ | ४०,६९८ | १२,८१० | ४८,८३८ | ५८,६०५ | ७०,३२६ |
| ७.अन्य संचालन खर्च | १६,८१८ | १७,२७० | २२,४६७ | ३४,३९० | ८,८७० | ३९,५४९ | ४५,४८१ | ५२,३०३ |
| ८.सटही घटबढ नोक्सान | | | | | | | | |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **७२,७२८** | **१३७,०४५** | **१२१,३३१** | **१४१,५१८** | **२४,४०६** | **१६३,४२४** | **१८४,९७४** | **२०९,२१६** |
| ९.सम्भावित नोक्सानी | | ९,७९२ | ९७६ | ७,८४५ | १२०१ | | ११,४५५ | १३,१७३ |
| **संचालन मुनाफा/(नोक्सान)** | **७२,७२८** | **१२७,२५४** | **१२०,३५५** | **१३३,६७२** | **२३,४०६** | **१६३,४२४** | **१७३,५१९** | **१९६,०४३** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | ४६२ | ६,३१५ | १६,३८९ | ४,२६३ | | ४,६८९ | ५,१५८ | ५,६७४ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | २२,९६८ | १,१४,६८६ | १,४१८ | | | ६,३४६ | | |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **९६,१५८** | **२४८,२५५** | **१३८,१६२** | **१३७,९३५** | **२३४०६** | **१७४,७५४** | **१७८,६७८** | **२०१,७१७** |
| १२.असामान्य कारोवार बाट भएको मुनाफा/(खर्च) | | | | | | | | |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | | | | | | | | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **९६,१५८** | **२४७,४१७** | **१३८,१६२** | **१३७,९३५** | **२३,४०६** | **१७४,७५४** | **१७८,६७८** | **२०१,७१७** |
| १३.कर्मचारी बोनस व्यवस्था | ८,७४२ | २२,४९२ | १२,५६० | १२,५४० | २,१२८ | १५,८८७ | १६,२४३ | १८,३३८ |
| १४.आयकर ब्यबस्था | २२,४९२ | ६८,५८५ | ३७,५८० | ३७,६१९ | ६,३८४ | ४७,६६० | ४८,७३० | ५५,०१४ |
| यस वर्षको | | ३४,७१२ | ३८०४६ | | | | | |
| गत वर्षको | | | | | | | | |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | | (३३,८७४) | ४६५ | | | | | |
| **खुद मुनाफा/(नोक्सान)** | **६४,९२४** | **१५६,३३९** | **८८,०२१** | **८७,७७७** | **१४,८९५** | **१११,२०७** | **११३,७०४** | **१२८,३६५** |
| शेयर संख्या (हजारमा) | ३,३०७ | ४,९११ | ५,५७४ | ५,५७४ | ६५५८ | ९५४४ | १०४९८ | ११५४८ |
| **प्रति शेयर आम्दानी (रु.)** | **१९.६३** | **३१.८३** | **१५.७९** | **१४.१२** | **९.०८** | **११.४२** | **१०.६२** | **१०.९०** |

**नोटः आ.ब.०७३/०७४ को आषाढ मसान्त सम्मको तथा आब.०७४/०७५ को आश्विन मसान्त सम्मको वित्तीय विवरणहरु लेखापरीक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।**

**नेटवर्थ सम्बन्धी विवरण :**

(रु. हजारमा)

| **ववरण** | **वास्तविक** | | | **आ.ब. ०७३/०७४* आषाढ मसान्त सम्मको** | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| चुक्ता पुंजी | ३३०,७२० | ४९१,११९ | ५५७,४२० | ५५७,४२० | ८१८,२५९ | ९७३,६४० | १,०७१,००४ |
| जगेडा तथा कोषहरु | १२१,८८५ | १०९,३८३ | १२७,६१३ | २०९,२७२ | ३६८,९८५ | ३२२,१८३ | ३४७,५४८ |
| **कुल** | ४५२,६०५ | ६००,५०२ | ६८५,०३३ | ७६६,६७२ | १,१८७,२४४ | १,२९५,८२३ | १,४१८,५५२ |
| घटाउने:अपलेखन गर्न बाँकी खर्च | | | | | | | |
| **कुल नेटवर्थ** | ४५२,६०५ | ६००,५०२ | ६८५,०३३ | ७६६,६७२ | १,१८७,२४४ | १,२९५,८२३ | १,४१८,५५२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शेयर संख्या (हजारमा) | ३,३०७ | ४,९११ | ५,५७४ | ५५७४.२० | ९,७३६ | १०,७१० | ११,८७१ |
| प्रति शेयर नेटवर्थ (रु.) | १३६.८६ | १२२.२८ | १२२.९० | १२३.३६ | १२१.९४ | १२०.९९ | १२०.४१ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | १४.३४ | २६.०३ | १२.८५ | ११.४५ | ९.३७ | ८.७८ | ९.०५ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | १३.३५ | | |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| विवरण | आ.ब.०७४/७५ | आ.ब.०७५/७६ | आ.ब.०७६/७७ |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | १५ | १५ | १५ |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | १५ | १५ | १५ |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ७४.५०% | ७५.१०% | ७५.७०% |
| ४. कुल आयमा औषत बृद्धिदर | १५.२२% | ११.७९% | १२.९४% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | १३.६०% | १४.१२% | १३.३०% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ६५.८९% | ६९.२३% | ६९.७६% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | २०% | २०% | २०% |
| ८. निक्षेप तथा सापटको औषत ब्याजदर (प्रतिशतमा) | ६% | ६% | ६% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | ११% | ११% | ११% |
| १०. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०% | ३०% | ३०% |
| ११. निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | १% | १% | १% |
| १२. लगानीमा प्रतिफल | ४% | ४% | ४% |
| १३. अन्य संचालन खर्चका वृद्धिदर | २० | २० | २० |
| १४.कर्मचारी खर्चमा बृद्धिदर | २० | २० | २० |
| १५. % of Provision on Total Gross Loan | २.५० | २ | २ |
| १६. CRR | ४ | ४ | ४ |
| १७. SLR | ८ | ८ | ८ |
| १८. CAR | ११ | ११ | ११ |

**माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :**

**१. कर्जा तथा सापट :**

संस्थाको आ.ब.२०७०/७१ को आषाढ मासन्तबाट आ.ब.२०७१/७२ को आषाढ मसान्त सम्ममा असलकर्जामा करिब १४.४५ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७२/७३ को आषाढ मसान्त सम्ममा करिब १५.३४ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.०७३/०७४ को आषाढ मसान्त सम्ममा करिव २९.१५ प्रतिशतको बृद्धि तर संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ मा क्रमशः १५, १५ र १५ प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः १३ ,१३ र १३ प्रतिशत हुने अनुमान गरिएको छ।

कर्जा तथा सापटको निक्षेप र प्राथमिक पुंजीको अनुपात(CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ। जस अनुरुप आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः७२, ७३ र ७३ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि कुल कर्जा तथा सापटको क्रमशः २, २ र २ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

**२. निक्षेपः**

संस्थाको आ.ब.२०७०/०७१ को आषाढ मसान्तबाट आ.ब.२०७१/०७२ को आषाढ मसान्त सम्ममा जम्मा निक्षेपमा लगभग १७.५५ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७२/०७३ को आषाढ सम्ममा १२.१५ प्रतिशतले बृद्धि भएको तर संस्थाको आ.ब. २०७३/०७४ को मसान्त सम्ममा करिव १८.५७ प्रतिशतको बृद्धि तर संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ मा क्रमशः १५, १५ र १५ प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ।

कुल निक्षेप दायित्वमा तिर्नुपर्ने औसत व्याजदर आ.ब. २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः ६.८३, ६.८३ र ६.८३ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

३. **तरलताः**

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः ११.५०, ११.६० र १२.०० कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः ५.४९, ६.०६ र ६.४८ कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्टयाएको छ।
५. आउँदो वर्षहरुको लागि बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ।
६. गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो।
७. पुंजी पर्याप्तता(Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ। जस अनुरुप पुंजीकोषको अनुपात आ.ब. २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः २६.७७, २५.५४ र २४.५३ प्रतिशत र प्राथमिक पुंजीको अनुपात आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः २५.५३, २४.३० र २३.२९ प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७३ साल आषाढ मसान्तको वासलात**

| **पूँजी तथा दायित्व** | **रकम (रु.हजारमा)** |
|---|---|
| १. शेयर पुंजी | ५५७,४२० |
| २. जगेडा तथा कोषहरु | १२७,६१३ |
| ३. ऋणपत्र तथा बण्ड | |
| ४. तिर्न बाँकी कर्जा सापट | |
| ५. निक्षेप दायित्व | ३,०४५,५२१ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | |
| ७. प्रस्तावित नगद लाभांश | ३,४९० |
| ८. आयकर दायित्व | |
| ९. अन्य दायित्व | ७०,९२८ |
| **कुल पुंजी तथा दायित्व** | **३,८०४,९७२** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | २७,०२८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ६५,६८५ |
| ३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात | २२१ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ८१४,७२५ |
| ५. लगानी | १४०,८५० |
| ६. कर्जा सापट तथा बिल खरीद | २,५७०,७६५ |
| ७. स्थीर सम्पत्ति | १४७,१८५ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | |
| ९. अन्य सम्पत्ति | ३८,५१२ |
| **कुल सम्पत्ति** | **३,८०४,९७२** |

**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| **विवरण** | **रकम (रु.हजारमा)** |
|---|---|
| १. ब्याज आम्दानी | ३२७,५४४ |
| २. ब्याज खर्च | १८०,६१२ |
| **खुद ब्याज आम्दानी** | **१४६,९३२** |
| ३. कमिशन तथा डिस्काउण्ट | ४०६ |
| ४. अन्य संचालन आम्दानी | १९,४४२ |
| ५. सटही घटबढ आम्दानी | |
| **कूल संचालन आम्दानी** | **१६६,७८०** |
| ६. कर्मचारी खर्च | २२,९८२ |
| ७. अन्य संचालन खर्च | २२,४६७ |

| | |
|---|---|
| ८. सटही घटबढ नोक्सान | |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **१२१,३३१** |
| ९. सम्भावित नोक्सानी व्यबस्थाहरु | ९७६ |
| **सञ्चालन मूनाफा** | **१२०,३५५** |
| १०. गैर सञ्चालन आम्दानी/(खर्च) | १६,३८९ |
| ११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | १,४१७ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१३८,१६१** |
| १२. असामान्य कारोबारबाट भएको खर्च | |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **१३८,१६१** |
| १३. कर्मचारी बोनस व्यबस्था | १२५६० |
| **१४. आयकर व्यवस्था** | ३७,५८० |
| क. यस वर्षको कर व्यवस्था | ३८,०४५ |
| ख. बिगत वर्षसम्मको कर व्यवस्था | |
| ग. यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | ४६५ |
| **खुद नाफा/नोक्सान** | **८८,०२१** |
| शेयर संख्या (हजारमा) | ५,५७४.२० |
| प्रति शेयर आम्दानी (रु.) | १५.७९ |

**थ) संगठित संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास करिव २२ (बाईस) वर्षको रहेको छ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट श्रृजना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

<u>धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :</u> रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी ब्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

१. वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, पोखरा लेखनाथ म.न.पा. वडा नं. ९, न्यूरोड, कास्की।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौं ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचीकरण र अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

वित्तीय संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद वा मुद्दा मामिला छैन ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँट गरिंदा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई निजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :** सो ब्यबस्था नभएको ।

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) यस वित्तीय संस्थाको आ.व.२०७३/७४ को बाह्य लेखापरीक्षकमा चार्टर्ड एकाउन्टेण्ट संस्था सुजन काफ्ले एण्ड एसोसिएट्स्का पार्टनर चार्टड एकाउण्टेण्ट श्री सुजन कुमार काफ्ले, काठमाण्डौं रहेको छ ।

ख) यस वित्तीय संस्थाको कम्पनी सचिवमा पोखरा लेखनाथ म.न.पा.वडा नं.६ निवासी नारायण प्रसाद शर्मा रहनुभएको छ ।

ग) वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार गरेको हो। उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था पिएलआरजी एसोसिएट्स, पुतलीसडक, काठमाण्डौंका साझेदार चार्टर्ड एकाउण्टेण्ट श्री सन्तोष लम्साल रहनुभएको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पुँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पुंजी संकलन गर्न ।

२) वित्तीय संस्थाको पुंजीगत योजना बमोजिमको पुंजी पुर्‍याउने उद्देश्य अनुरुप मिति २०७३/०७/०९ गते सम्पन्न वीसौं साधारण सभाबाट एक शेयर बराबर शुन्य दशमलव पन्ध्र शेयर (१ : ०.१५) को अनुपातमा हकप्रद शेयर जारी गरी पुंजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पुंजी संकलन गर्न ।

३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पुंजी संकलन गर्न ।

४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पुंजी जुटाउन र

५) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि वित्तीय संस्थाको पुंजी आधारलाई मजवुत तुल्याई राख्न ।

६) यस बाहेक वित्तीय संस्थाले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने उद्देश्य राखेको छ ।

| सि.नं. | उपयोग | रकम (करिव रु.) |
|---|---|---|
| १. | तरलता कायम गर्न नेपाल राष्ट्र बैंक लगायत बैंक तथा वित्तिय संस्थामा कायम गरिने मौज्दात | रु.६,८३,६८,२७४/– |
| २. | कर्जा तथा लगानी प्रवाह | रु.३,००,००,०००/– |
| | **जम्मा** | **रु.९,८३,६८,२७४/–** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**
हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधिभित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता वित्तीय संस्थाले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**
१. एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं तथा शाखा कार्यालय लगनखेल, ललितपुर ।
२. पोखरा फाइनान्स लि., न्यूरोड, पोखरा लेखनाथ ९, कास्की तथा बैंकको सम्पूर्ण शाखा कार्यालयहरु ।
३. नेपाल इन्भेष्टमेन्ट बैंक लि.का शाखा कार्यालयहरु : विराटनगर, बीरगञ्ज, नेपालगन्ज, नारायणगढ, वुटवल र धनगढी ।
४. नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आस्वा (ASBA- Application Supported by Blocked Amount) सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत आस्वा (ASBA) प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी पोखरा फाइनान्स लि. को वेवसाइट www. pokharafinance.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी पोखरा फाइनान्स लि. को वेवसाइट www.pokharafinance.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

**व) आफ्नो ब्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**
यस वित्तीय संस्थाले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस वित्तीय संस्थाको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण वित्तीय संस्थाको रहेको छ । साथै संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा बुझाउनुपर्ने सम्पूर्ण विवरण हालसम्म बुझाएको र हालसम्म कम्पनी अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७४ कार्तिक १२ गते **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** ले औसत भन्दा तल **(Below Average Fundamental)** आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **०७१/०७२** | ३३७ | १८० | २२२ | २११.७०५ |
| **०७२/०७३** | ४५९ | २७० | ३५३ | ६३५.५३५ |
| **०७३/०७४** | ४६९ | १९३ | २३९ | ६११.६८५ |

पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| २०७४ आश्विन | २४० | २२१ | २२९ | १४.०५७ |
| २०७४ कार्तिक | २४१ | २१२ | २१९ | २६.७१३ |
| २०७४ मंसीर | २२५ | २०९ | २१० | २४.५३ |

<u>द्रष्टव्य</u> :यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहीछाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भुवनसिं गुरुङ | अध्यक्ष | |
| २ | श्री सुन्दर गुरुङ | संचालक | |
| ३ | डा. दीर्घमान गुरुङ | संचालक | |
| ४ | ले. अर्जुन कुमार गुरुङ | संचालक | |
| ५ | डा.दीपेन्द्र कुमार गौतम | संचालक | |
| ६ | मे. प्रेम बहादुर थापा | संचालक | |
| ७. | श्री माया गुरुङ | संचालक | |

**स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **पोखरा फाइनान्स लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**